नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# स्वास्थ्य सेवा विभाग

टेकु, काठ्माडौं

## आकस्मिक बाढीको प्रतिकार्यका प्रमुख गतिविधिहरूको प्रतिवेदन

प्रतिवेदन अवधिः २२ भाद्र २०८३

प्रतिवेदन नं : १०

- भोटेकोशी बाढी प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन तथा स्वास्थ्य क्षेत्रका गतिविधिमा समन्वय र सहकार्य सुदृढ गर्न **स्वास्थ्य विकास साझेदार )HDP) संस्थाहरूसँग** समन्वयात्मक बैठक सम्पन्न गरी प्रतिकार्यको अवस्था, आवश्यकताहरू तथा **Health Sector Response Plan** बारे छलफल गरिएको।



## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

- प्रभावित क्षेत्रमा SORMAS मार्फत ज्वरो तथा झाडापखालाजन्य केसहरूको नियमित अनुगमन जारी, विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको
- गत २४ घण्टामा कुल २४ वटा केस रिपोर्ट भएका छन्:
    - ८ वटा Fever
    - १५ वटा Fever with Cough
    - १ वटा Fever with Rash
    - ० वटा Acute Gastroenteritis (AGE)
    - जनावरको टोकाइको केस रिपोर्ट नभएको
- सम्बन्धित स्थानीय तहबाट ज्वरो तथा झाडापखालाजन्य केसहरूको उचित व्यवस्थापन भइरहेको।
- नोटः जनस्वास्थ्य सम्बन्धि उपायहरु अपनाइनुका साथै थप अनुसनधान थथा अनुगमन कार्य भइरहेको।

## बाढीबाट प्रभावित क्षेत्रमा शव व्यवस्थापन तथा शव व्यवस्थापन पश्चातको वातावरणनीय निसंक्रमण कार्यका परिचालित टोलीद्वारा सम्पन्न कार्य विवरण

- रसुवा जनस्वास्थ्य कार्यालयमा समन्वय बैठक सम्पन्न गरी बाढी प्रभावित क्षेत्रमा स्वास्थ्य प्रतिकार्य, SORMAS मार्फत सिन्ड्रोमिक सर्भिलेन्स तथा रोगको प्रारम्भिक पहिचानसम्बन्धी गतिविधिबारे समन्वय गरिएको।
- उत्तरगया—५ का ३ वटा होल्डिङ सेन्टरको अनुगमन गरी ५१, ४७ र ३० जना गरी कुल १२८ जना को अवस्थाबारे जानकारी लिइएको; भिमसेनस्थानमा थप शौचालय तथा खानेपानीको आवश्यकता पहिचान गरी पानीको नमुना संकलन तथा WHO-प्रदत्त पानी फिल्टर जडानको तयारी गरिएको।
- NCD औषधिको मौज्दात तथा आवश्यकता पहिचान गरी नियमित आपूर्तिबाट उपलब्ध नभएका आवश्यक संयोजन औषधिको सूची व्यवस्थापन महाशाखामा पठाइएको; साथै १ मृत्यु र १ ज्वरोसहित दाना आएको शिशुको केस सम्बन्धमा आवश्यक प्रमाणीकरण, अनुसन्धान तथा थप निगरानीका लागि समन्वय गरिएको।

- रसुवा जिल्ला खोप समन्वय समितिको बैठक सम्पन्न भई ओरल कलेरा भ्याक्सिन (OCV) अभियान सञ्चालन गर्ने निर्णय भएको छ। अभियान सम्भवतः पर्सिदेखि सुरु हुने जानकारी प्राप्त भएको छ।
- भिमसेनस्थान माध्यमिक विद्यालय होल्डिङ सेन्टर, उत्तरगया—५: शौचालयको अत्यावश्यक आवश्यकता रहेकोले जनस्वास्थ्य कार्यालयबाट साझेदार संस्थाहरूसँग समन्वय सुरु गरिएको छ र उपयुक्त स्थान पहिचान गर्ने कार्य भइरहेको छ।
- भिमसेनस्थान माध्यमिक विद्यालय होल्डिङ सेन्टरमा खानेपानीको मौज्दात न्यून रहेको हुँदा नजिकैको धाराको पानीको नमुना संकलन गरी पानीको गुणस्तर परीक्षणका लागि पठाइएको छ। साथै, उत्तरगया स्वास्थ्य शाखा प्रमुखलाई होल्डिङ सेन्टरमा मिनरल वाटर उपलब्ध गराउन जानकारी गराइएको छ। WHO को सहयोगमा जनस्वास्थ्य कार्यालयमा उपलब्ध LifeStraw water filter होल्डिङ सेन्टरमा जडान गर्न विद्यालयका प्रधानाध्यापकसँग समन्वय भइरहेको छ। भोलिसम्म फिल्टर जडान हुने अपेक्षा गरिएको छ।



*रसुवा जिल्ला स्वास्थ्य कार्यालयमा गृह मन्त्रालयअन्तर्गत NDRRMA का प्रतिनिधि, रसुवा अस्पतालका मेडिकल अधिकृत, WHO तथा नेपाल मेडिकल एसोसिएसनका प्रतिनिधिहरूसँग स्वास्थ्य प्रतिकार्य तथा समन्वयसम्बन्धी बैठक सम्पन्न।*





*भिमसेनस्थान प्राथमिक विद्यालय, उत्तरगया–५ बाट खानेपानीको गुणस्तर परीक्षणका लागि पानीको नमुना संकलन गरिएको।*

## मनोसामाजिक परामर्श


- नुवाकोट, रसुवा, काठमाडौं,धादिङ्ग होल्डीङ्ग केन्द्र, अस्पताल तथा प्रभावित समुदायहरूमा MHPSS तथा PFA सेवा निरन्तर रुपमा सञ्चालनमा रहेको छ।
- नसर्ने रोग रोकथाम सम्बन्धी सेवाहरूको समन्वयका लागि बहुसरोकारवाला बैठक सम्पन्न गरिएको।
- बालबालिका, किशोरकिशोरी तथा प्रभावित परिवारलाई लक्षित गरी समूह परामर्श तथा उपचारात्मक मनोसामाजिक गतिविधि सञ्चालन भइरहेको छ।
- मानसिक स्वास्थ्यसम्बन्धी IEC सामग्री वितरण तथा विशेषज्ञ सेवाका लागि रेफरल प्रणाली सुदृढीकरण भइरहेको छ।
- मनोचिकित्सक तथा क्लिनिकल मनोविद्सहितको विशेषज्ञ टोलीद्वारा मानसिक स्वास्थ्य सेवा आवश्यकताको पहिचान, मूल्याङ्कन तथा आवश्यक सहायता प्रदान भइरहेको छ।
- मानसिक स्वास्थ्य हेल्पलाइन तथा अनलाइन रिपोर्टिङ प्रणाली मार्फत सेवा, अनुगमन तथा समन्वयलाई निरन्तरता दिइएको छ।


१. मनोसामाजिक परामर्श





२. मनोचिकित्सक सहितको मानसिक स्वास्थ्य टोलि परिचालन:






## परिवार कल्याण महाशाखा

### खोप तथा खोपद्वारा रोकथाम गर्न सकिने रोग )VPD) निगरानी अद्यावधिक (बाढी प्रतिकार्य):

- २०८३ भदौ १५ गते बसेको राष्ट्रिय खोप सल्लाहकार समिति) NIAC) को बैठकले बाढी प्रभावित जिल्लाहरूमा हैजा खोप (OCV) तथा दादुरा-रुबेला) MR) खोप अभियान सञ्चालन गर्न सिफारिस गरेको छ।
- उक्त सिफारिस बमोजिम पहिलो चरण अन्तर्गत रसुवा र नुवाकोट जिल्लामा वडा स्तरबाट सञ्चालन हुने खोप अभियानको योजना तथा तयारी कार्य भइरहेको छ।
- बाढी प्रतिकार्यसम्बन्धी समन्वय तथा तयारीका लागि परिवार कल्याण महाशाखा) FWD) ले २०८३ भदौ १९ गते प्रदेश तथा जिल्ला स्तरसँग virtual बैठक आयोजना गरेको थियो।
- बाढी प्रतिकार्य, खोप कार्यक्रम तथा खोपद्वारा रोकथाम गर्न सकिने रोग) VPD) निगरानी गतिविधिलाई सहयोग पुऱ्याउन SIMO हरूलाई २०८३ भदौ २० गते रसुवा र नुवाकोट जिल्लामा परिचालन गरिएको छ।
- आगामी OCV अभियानको तयारीस्वरूप २०८३ भदौ २१ गते OCV खोपका २१,६०० मात्रा रसुवा जिल्लामा ढुवानी गरिएको छ।





| Organization unit name | OCV Campaign<br>Population of high prioritized area<br>(Above 1 year) | MR Campaign<br>(6 months to Under 15 years popualtion) | Td vaccine<br>Health workers, rescue workers and victims |
|---|---|---|---|
| 30301 Gosaikunda Rural Municipality | 8191 | 1,583 | |
| 30302 Aamachhodingmo Rural Municipality | 1506 | 1,804 | |
| 30303 Uttargaya Rural Municipality | 8635 | 1,909 | |
| 30304 Kalika Rural Municipality | 2607 | 2,159 | |
| RASUWA | 20939 | 7,455 | 7,680 |
| 30504 Bidur Municipality | 62222 | 13,889 | |
| 30505 Kispang Rural Municipality | 3254 | 3,415 | |
| 30507 Tarakeshwor Rural Municipality | 4388 | 3,398 | |
| 30508 Belkotgadhi Municipality | 10891 | 7,939 | |
| NUWAKOT | 80755 | 28,641 | 5,000 |
| **Total ( Rasuwa and Nuwakot)** | **101694** | **36,096** | **12,680** |

## नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा

उद्धार गरिएका ज्येष्ठ नागरिकहरूलाई हेरचाह केन्द्रमा विशेष मनोसामाजिक हेरचाह तथा सहयोग प्रदान गरिएको।



## राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र

### विपद्पछिको क्षयरोग प्रतिकार्य (**Post Disaster TB Response**) सम्बन्धी गतिविधिहरू

- राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रबाट जनस्वास्थ्य कार्यालय धादिङमा पहिलो त्रैमासिकको माग फारम बमोजिम HRZE २४१९२ टयाबलेट, HR ६०४८० टयाबलेट र HRE ९४०८ टयाबलेट औषधि जिल्लातर्फ पठाइएको छ।

## राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

### जोखिम सञ्चार तथा सामुदायिक संलग्नता (**RCCE**) सम्बन्धी प्रमुख गतिविधिहरू

- स्वास्थ्य विकास साझेदारहरूलाई RCCE सम्बन्धी सामग्रीहरू उपलब्ध गराई साझेदारी गरिएको।

## अनुसुची

**SORMAS को Daily Surveillance Report Module मा पछिल्लो २४ घण्टामा प्रतिवेदन भएका संक्रामक रोगहरु**

### Cases reported by each shelter, by date

Grey cells (—) = no report received; a shaded 0 is a reported zero

| | 06 Sep |
|---|---|
| Chandrajyoti Secondary School | 6 |
| Sulakshana Secondary School | 5 |
| Sundari Kyaurini Secondary School | 5 |
| Trishuli Basic School. | 3 |
| Nilkantha Secondary School,Uttargaya | 1 |
| Ganesh Primary School | 1 |
| Battar Chautara/ Chisyan Kendra | 1 |
| Health Post, Bidur-2, Nuwakot Durbar Area | 1 |
| Lingling Kaning Chhoyeiling Gumba | 1 |
| Shivalaya Basic School | 0 |
| Tamang Plaza, Bidur-4, Battar | 0 |
| Pitrimuchya Bahwan/Safe House Bidur 2 | 0 |
| Battar Covert Hall Bidur 2 | 0 |
| United Primary School | 0 |
| Himalyan Acedemy Battar | 0 |